# राजा ज्ञानेन्द्रका दुई कार्यकाल र मिडिया कभरेज

डा. जगत नेपाल, उप–प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं।
Email : jagatnepal@gmail.com
डा. डोलराज काफ्ले, सह–प्राध्यापक, केन्द्रीय इतिहास विभाग, त्रिवि
Email : kafledol@gmail.com
माहाप्रसाद खतिवडा, उप–प्राध्यापक, जनता आदर्श वहुमुखी क्याम्पस, विराटनगर (पूवि)
Email : himpji@gmail.com

**सारसङ्क्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेख शाहवंशको इतिहासमा रोलक्रममै नभए पनि संयोगले दुईपटक गद्दीमा बस्ने ऐतिहासिक अवसर पाएका राजा ज्ञानेन्द्रको राज्यारोहण र पतनका बेला नेपाली मिडियाले गरेको कभरेजका विषयमा केन्द्रित छ। राणा शासनको अन्तिम समयमा बाजे राजा त्रिभुवन २००७ सालमा भारतीय दूतावासको शरणमा गएपछि उनका नाबालक नाति ज्ञानेन्द्र शाहलाई राणाहरूले राजा घोषणा गरे। त्यति बेला बालक राजा नमान्ने भन्दै जनताले विरोध गरेका थिए। उनलाई राजा घोषणा गरिएसँगै नेपाली कांग्रेसले सशस्त्र क्रान्ति आरम्भ गरेको थियो। कांग्रेसको मुक्ति सेनाले देशमा प्रमुख शहर कब्जा गरेपछि राणाहरूका दिनगन्ती शुरू भए। क्रान्ति उत्कर्षमा पुगेपछि दिल्लीको मध्यस्थतामा राजा, राणा र कांग्रेसबीच त्रिपक्षीय सहमति भयो र ज्ञानेन्द्रको सट्टा त्रिभुवनलाई राजा मान्न राणाहरू तयार भएपछि २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना भयो र राजाका रूपमा ज्ञानेन्द्रको पहिलो कार्यकाल समाप्त भयो। त्यसपछिका पाँच दशक उनी अधिराजकुमार रहे र व्यापार व्यवसायमा रमाए। २०५८ जेठ १९ मा भएको दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको वंशनाश भयो र संयोगले ५१ वर्ष पछि जेठ २२ गते उनी दोस्रोपटक राजा बने। हत्याकाण्डमा षड्यन्त्र रहेको र त्यसमा ज्ञानेन्द्रको हात छ भन्ने हल्ला फैलिएकाले जनताको कडा विरोध र नाराबाजीकाबीच उनको गद्दी आरोहण भयो। नेपालको इतिहासमा दुईपटक राजा भए पनि उनको शासनकालमा २३८ वर्ष लामो राजतन्त्र समाप्त हुन पुग्यो। प्रस्तुत लेख राजा ज्ञानेन्द्रका दुई गद्दी आरोहण र त्यसको मिडिया कभरेजका विषयमा केन्द्रित छ।

*मुख्य शब्द* : राणा शासन, राजतन्त्र, गणतन्त्र, प्रेस, राजा वीरेन्द्र, राजा त्रिभुवन

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/०७/१२, लेख पुनरावलोकन मिति : २०८०/०८ १३,
लेख स्वीकृत मिति : २०८०/०९/१४। **प्रकाशक** : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर।

## विषयपरिचय

शाहवंशको इतिहासमा राजउत्तराधिकारी बिनै दुईपटक राजा बन्ने सौभाग्य ज्ञानेन्द्रलाई प्राप्त भयो। पहिलो पटक २००७ साल कात्तिक २२ मा हजुरबुवा त्रिभुवन भारतको शरणमा गएपछि उनी बाबु महेन्द्र र दाजु वीरेन्द्रभन्दा अघि राजा बने (प्रधान, २०७१, पृ. ३००)। नावालक राजाका रूपमा साडे दुई महिनामै उनको पहिलो कार्यकाल सकियो (पाँडे, २०४५, पृ. २८६)। राणा विरूद्ध नेपाली कांग्रेसले सञ्चालन गरेको सशस्त्र क्रान्ति सफल भएपछि उनका हजुरबुवा त्रिभुवनले गद्दीको अधिकार प्राप्त गरे। उनको निधनपछि, २०११ मा राजा बनेका महेन्द्रले २०२८ सम्म शासन सञ्चालन गरे। अनि ज्ञानेन्द्रका दाजु वीरेन्द्र राजा भए। २०५८ जेठ १९ को दरबार हत्याकाण्डमा वीरेन्द्रको हत्या भएपछि अचेत

अवस्थामा रहेका उनका भतिजा दीपेन्द्रलाई राजा घोषणा गरियो (गोरखापत्र, २०५८ जेठ २१) । नेपालको इतिहासमा दीपेन्द्र यस्ता राजा थिए, जसले न आफू राजा भएको थाहा पाए नत श्रीपेच लगाउन नै पाए। जेठ २२ गते दीपेन्द्रको मृत्युको घोषणा भयो । घटनाक्रमले ज्ञानेन्द्रलाई ५० वर्षको अन्तरालमा दुईपटक राजा बन्ने अवसर मिल्यो । संवैधानिक राजाको हैसियतमा गद्दीमा आसिन भए पनि शुरूदेखि नै उनी जनताका प्रजातान्त्रिक अधिकार खोसेर निरङ्कुश राजतन्त्रलाई बलियो बनाउनेतर्फ अग्रसर हुनथाले। २०४६ सालको जनआन्दोलनपछि प्रजातन्त्र र नागरिक अधिकारको निर्वाध उपभोग गरिरहेका जनता राजाको निरङ्कुशता स्वीकार गर्न किमार्थ तयार थिएनन्। त्यसैको परिणाम स्वरूप राजाको निरङ्कुशता विरूद्ध २०६२–०६३ को जनआन्दोलन उत्कर्षमा पुग्यो र २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको अन्त्य गरी नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना घोषणा गराइदियो।

## अध्ययन विधि र सीमाङ्कन

प्रस्तुत लेख गुणात्मक अनुसन्धानविधिमा तयार भएको छ । यस लेखमा नेपालमा शाहवंशका अन्तिम राजा ज्ञानेन्द्र कुन अवस्थामा दुईपटक राजा भए ? उनको गद्दी अरोहणलाई नेपाली मिडियाले कसरी लिएका थिए र दुवै पटक किन र कसरी उनी राजाबाट हटाइए ? भन्ने विषयमा प्रकाशित सन्दर्भसामग्री, गोरखापत्रसहित काठमाडौंबाट प्रकाशित हुने नेपाली भाषाका ब्रोडसीट दैनिक पत्रपत्रिकाको अध्ययन तथा अन्तर्वार्ताका आधारमा यो आलेख तयार गरिएको छ । यस आधारमा यो लेख मिडिया कभरेज भएका सामग्री र त्यसमा प्रस्तुत अवधारणाका आधारमा तयार हुने भएकाले यसको स्रोत सञ्चारसँग सम्बन्धित पुस्तकालय हो । यस लेखमा पुस्तकालयबाट प्राप्त द्वितीयक स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ।

## सैद्धान्तिक अवधारणा

यो आलेख मिडियाको सामाजिक उत्तरदायित्व सम्वन्धी सिद्धान्तमा केन्द्रित छ । मिडियाले आफ्ना पाठक, श्रोता र दर्शकलाई सूचना, शिक्षा, मनोरञ्जन र अभिप्रेरणा दिन्छ । यो समाजको 'ऐना' र परिवर्तनको आधार पनि हो (म्याक्वेल, २०१२, पृ. ८१)। सत्य, तथ्य र विश्वसनीय सूचनाको प्रवाह गर्नु मिडियाको धर्म हो। कहीं कतैबाट प्रभावित नभएर समाजको हितका पक्षमा सूचना तथा विचारको प्रवाह मिडियाको सामाजिक दायित्व हो। विश्वमा लामो समयसम्म प्रेस स्वतन्त्रताको पक्षमा आवाज उठ्यो तर मिडियाले सामाजिक उत्तरदायित्व पुरा गर्नुपर्छ भन्ने विषय ओझेलमै थियो। सन् १९४० को दशकमा अमेरिकाको सिकागो विश्वविद्यालयका अध्यक्ष रोबर्ट एम. हचिन्सको अध्यक्षतामा बनेको आयोगले 'स्वतन्त्र र उत्तरदायी प्रेस' को अवधारणा अघि सार्‍यो (बोलिन्जर, १९९३)। सामाजिक उत्तरदायित्व बिना उपभोग गरिजे प्रेस स्वतन्त्रताले समाजलाई लाभभन्दा बढी हानी पुर्‍याउन सक्छ भन्ने सिद्धान्त हचिन्स कमिसनको रिर्पोटका आधारमा तय भएको हो। राजा ज्ञानेन्द्रको शासनकालमा नेपाली प्रेसले उनका काम कारवाही बारे जनतालाई सूचना दिने, शिक्षा दिने र अभिप्रेरणा दिने भूमिका निर्वाह गर्‍यो। राजाले खोसेका जनताका अधिकार पुनर्स्थापनाका पक्षमा नेपाली प्रेसले जनमत बनाएकै कारण निरङ्कुश राजतन्त्रको विरोधमा जनता सडकमा आए र मुलुकबाट राजतन्त्र समाप्त गर्ने वातावरण बन्यो भन्ने सैद्धान्तिक कोणबाट यो अध्ययन गरिएको छ।

## नतिजा र विश्लेषण

यो आलेख शाहवंशको इतिहासमा राजउत्तराधिकारीका रूपमा नजन्मिए पनि दुईपटक गद्दीमा आसिन हुने सौभाग्य पाएका राजा ज्ञानेन्द्र र त्यस विषयमा मिडियाले गरेको कभरेजका विषयमा केन्द्रित छ । ज्ञानेन्द्रको पहिलो कार्यकाल (२००७) को व्याख्या र विश्लेषणका लागि पुस्तक, लेख र त्यति बेला प्रकाशित गोरखापत्रलाई आधार

मानिएको छ । उनको दोस्रो कार्यकाल (२०५८–२०६५) को बारेमा व्याख्या विश्लेषण गर्न त्यो अवधिमा काठमाडौंबाट प्रकाशित ब्रोडसीट दैनिक पत्रिका, पुस्तक, लेख र अन्तर्वार्तालाई आधार बनाइएको छ ।

**राजा ज्ञानेन्द्रको पहिलो कार्यकाल**

नेपाली कांग्रेसले क्रान्तिको तयारी तीव्र बनाइरहँदा राणा प्रधानमन्त्री मोहनशमशेरको स्वीकृतिमा २००७ साल कात्तिक २१ गते राजा त्रिभुवन सिकारका लागि नागार्जुन जाने बहानामा नारायणहिटी राजदरबारबाट निस्किए र भारतीय दूतावासको शरणमा पुगे । त्यो घटनाले राणा शासकहरूमा खैलाबैला मच्चियो । राजालाई दूतावासबाट फर्काउन अनेकौं उपाय लगाए पनि त्रिभुवन राजी नभएपछि राणाहरू सङ्कटमा परे (पाँडे, २०४५, पृ. २८१)। लामो छलफलपछि कतिपयले त प्रधानमन्त्री (श्री ३ ) ले नै राजा (श्री ५) को श्रीपेच लगाउन उचित हुने सल्लाह दिए । अन्तमा माबलमा छुटेका राजा त्रिभुवनका नाबालक नाति ज्ञानेन्द्रलाई राजा बनाउने निर्णय भयो (प्रधान, २०७१, पृ. ३००)। गोर्खापत्रमा मुख्य समाचार छापियो 'श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहको राज्यारोहण, श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहको पदच्युत' (गौतम, २०५५, पृ. ३८०)। कात्तिक २२ गते मङ्गलवार, दिनको २:४५ बजे हनुमानढोका दरबारमा बालक राजा ज्ञानेन्द्रको राज्यारोहण भए लगत्तै उनको नाममा एक रूपियाँको चाँदीको सिक्का प्रचलनमा ल्याइयो । राणाहरूले नातिलाई राजा घोषणा गरेको चार दिनपछि हाल राष्ट्रपति भवन रहेको शीतल निवास स्थित भारतीय दूतावासको शरणमा रहेका त्रिभुवन दिल्लीका लागि उडेको समाचार गोर्खापत्रमा यसरी प्रकाशित भएको पाइन्छ । यो घटनापछि भारतीय दूतावासले त्रिभुवनलाई दिल्ली लैजान राणा सरकारसँग स्वीकृति माग्यो । कात्तिक २६ गते दिउँसो १२:३० बजे त्रिभुवन सपरिवार जहाजबाट दिल्ली उडे । उनी सवार जहाज ३:५५ मा दिल्ली पुगेको थियो (गौतम, २०५५, पृ. ३८६)। त्यो घटनापछि काठमाडौंमा बालक राजा मान्दैनौ भनेर जनताले नाराबाजी गरे । कात्तिक २६ गतेपछिका केही दिन जनताले सडकमा नारा जुलुस लगाउने र त्यसलाई नियन्त्रण गर्न सरकारले कर्फ्यू आदेश जारी गर्ने क्रम चलिरह्यो । जनता कर्फ्यू तोडेर प्रदर्शनमा उत्रन्थे । सडकमा श्री ५ त्रिभुवन जिन्दावाद को नारा गुन्जिन्थ्यो (प्रधान, २०७१, पृ. ३०६–३०९) । त्रिभुवनले गद्दी त्याग गरी भारतको शरणमा लिएको घटना राणा सरकारका लागि पाच्य हुने कुरा थिएन । गद्दी एकछिन् खाली राख्नु हुँदैन भन्ने हिन्दु धर्म मान्यताका आधारमा सरकार नाबालक ज्ञानेन्द्रलाई राजा बनाउने निर्णयमा पुग्यो । जनताले भने ज्ञानेन्द्रको गद्दी आरोहणलाई स्वीकार्न नसकेको अवस्था थियो । उता त्रिभुवन दिल्ली पुगेकै दिन कात्तिक २६ गते नेपाली कांग्रेसको मुक्ति सेनाले वीरगञ्ज कब्जा गऱ्यो । राणा र विद्रोही सेनाकाबीच दोहोरो गोली हानाहान भैरहँदा जहाजबाट पर्चाबाजी भयो । त्यो घटनाले सरकारी फौजको मनोबल कमजोर बनायो भने मुक्ति सेनामा उत्साह थपियो (जोशी, २०४८, पृ. ६७) । विद्रोहीले प्रमुख शहर कब्जा गरेपछि भारतको मध्यस्थतामा संविधानसभा निर्वाचन गरी संविधान निर्माण गर्ने, राणा पक्षबाट प्रधानमन्त्री रहने गरी अन्तरिम सरकार बनाउने र त्यो सरकारमा जनपक्षीय प्रतिनिधिको सहभागिता गराउने, अनि राजा त्रिभुवनलाई नेपालको वैधानिक राजा बनाउने, सबै बन्दी रिहा गर्ने, राजनीतिक सङ्गठन वा पार्टी खोल्ने अधिकार दिने सहमति भएर माघ १ गते क्रान्ति स्थगित भयो (जोशी र रोज, २०६१, पृ. ७७)। दरबार छोडेको तीन महिनापछि त्रिभुवन स्वदेश फर्किए । यसरी २००७ सालको क्रान्तिबाट त्रिभुवनको गद्दी पुनर्स्थापित भयो र राजाका रूपमा ज्ञानेन्द्रको पहिलो कार्यकाल समाप्त भयो ।

**पहिलो कार्यकाल र प्रेस**

स्थापनाको दुई वर्ष पुग्दा नपुग्दै राष्ट्रिय कांग्रेसभित्र निरङ्कुश राणा शासनलाई शान्तिपूर्ण आन्दोलनमार्फत् विस्थापित गर्न सकिँदैन भन्ने बलियो मत बनिसकेको थियो । त्यस पार्टीको मुखपत्र नेपाल टुडेले लेखेको थियो – स्वार्थी राणाहरूबाट सुधारको आशा गर्नु, थारो गाईबाट दुधको आशा गर्नु जत्तिकै हो । नेपाली जनताको मुक्ति सम्झौताबाट होइन

की सङ्घर्षबाट मात्र हुनेछ (अधिकारी, २०७१, पृ. ७५) । त्यसबीच सैन्य बलमा टिकेको हुकुमी शासनलाई सशस्त्र सङ्घर्षबाट मात्र परास्त गर्न सम्भव छ भन्ने मान्यताका साथ राणा परिवारकै सदस्यहरू सुवर्णशमशेर र महावीरशमशेर राणाको पहलमा स्थापना भएको नेपाल प्रजातन्त्र कांग्रेसले नेपाल पुकार र डेमोक्रेटिक कांग्रेस पत्रिका सञ्चालन गर्न थाल्यो (प्रधान, २०७१, पृ.२३१) । एउटै उद्देश्यका लागि खुलेका दुई दलबीच एकीकरण भएर २००६ साल चैत्र २७ गते नेपाली कांग्रेसको स्थापना भयो (गौतम, २०५५, पृ. २९०) ।

कांग्रेसको वि.सं. २००७ साल असोज १० र ११ गते भारतको बैरगनियामा सम्पन्न सम्मेलनले सशस्त्र क्रान्तिको प्रस्ताव पारित गरेसँगै क्रान्तिको तयारी तीव्र बनाइयो (कोइराला, २०६७, पृ. १२३) । औपचारिक रूपमा क्रान्ति प्रारम्भ गर्नुअघि २००७ साल कात्तिक २५ गते साँझ नेपाली कांग्रेसका कार्यकर्ताहरूले जहाजबाट वीरगञ्जदेखि काठमाडौंसम्म राणाविरोधी पर्चा छरे (अधिकारी, २०७१, पृ. ९२) । राणाविरूद्धको लडाइँमा ती पर्चा बमभन्दा शक्तिशाली साबित भए । पर्चामा लेखिएको थियो – खबरदार ! हिटलरका अवशेष हो । हामी सहिदहरूको रगतले अब तन्नेरी भइसकेका छौं (जोशी, २०४८, पृ. ७६) । सैनिकलाई राजा त्रिभुवनको समर्थन गर्न आग्रह गर्दै आवश्यक परे जहाजबाट बम खसालेर राणाहरूलाई समाप्त पार्ने चेतावनीको भाषा पर्चामा लेखिएको थियो । २००७ साल मंसिर १ को गोर्खापत्र लेख्छ – कात्तिक २५, २६ र २७ गते हिमालयन एयरको जहाजबाट देशद्रोहीले काठमाडौं, वीरगञ्ज, विराटनगर, धनकुटा लगायतका स्थानमा पर्चा खसाए (प्रधान, २०७१, पृ. ३०२) । नेपाली क्रान्तिको समाचारलाई भारतीय पत्रपत्रिकाले महत्त्वका साथ प्रकाशन गरे । पटनाबाट छापिने जनता साप्ताहिकले नेपाल अङ्क प्रकाशित गर्ने गरेको थियो । जसमा क्रान्तिसम्बन्धी विशेष सूचना र सन्देश हुन्थ्यो र त्यसले राणाहरूको सातो लिने गरेको थियो (जोशी, २०४८, पृ. ८०) । यसबीच भारतीय दूतावासमा शरण लिनपुगेका राजा त्रिभुवन कात्तिक २६ गते सपरिवार दिल्ली पुगेपछि राणाहरू झनै सङ्कटमा परे । त्यही दिन राति नेपाली कांग्रेसको मुक्ति सेनाले वीरगञ्जमा सशस्त्र हमला गऱ्यो । अकस्मात् त्यो तहको भयानक आक्रमण होला भन्ने कल्पनासमेत राणाहरूले गरेका थिएनन् । दोहोरो गोलाबारी चलिरहँदा विद्रोहीले हवाई जहाजबाट पर्चा खसाए (जोशी, २०४८, पृ.६७) । व्यारेकमा पर्चा खसाउन सक्नेले बम पनि फाल्न सक्छन् भनेर राणा फौजले आत्मसमर्पण गऱ्यो (अधिकारी, २०७१, पृ.९४) । बिहान उज्यालो हुन नपाउँदै थिरबम मल्लको नेतृत्वमा विद्रोहीले वीरगञ्ज कब्जा गरेपछि राणा शासनका दिनगन्ती सुरू भए ।

**राणाविरोधी भावनाका कारण विरोध**

राजा त्रिभुवन भारतको शरणमा गएपछि गद्दी खाली राख्न नहुने मान्यताका आधारमा राणाहरूले उनका नाति ज्ञानेन्द्रलाई राजा बनाएका थिए । त्यसैले त्यो बेला जनताले बालक राजा भन्दा पनि राणाहरूको विरोधमा आवाज उठाएका थिए । क्रान्तिलाई सफल बनाउने अस्त्रका रूपमा नेपाली कांग्रेसका कार्यकर्ताहरूले विराटनगरबाट २००७ साल मंसिर २८ गतेदेखि नियमित रूपमा 'प्रजातन्त्र नेपाल रेडियो' प्रसारण थाले (कोइराला, २०६१, पृ. ५५) । यो प्रजातन्त्र रेडियो हो हामी कुनै अज्ञात स्थलबाट बोलिरहेका छौ । प्रजातन्त्र रेडियोले पहिलोपटक प्रसारण गरेको सन्देश यही थियो । नेपाल र भारतका विभिन्न शहरमा सुनिएको त्यो रेडियोबाट क्रान्तिकारीहरूले राणाविरूद्धको लडाइँमा हतियारभन्दा ठूलो शक्ति प्राप्त गरेका थिए (विष्ट, २०७४, पृ.४७) । ती दिन सीमित व्यक्तिहरूका घरमा मात्र रेडियो थियो । त्यसैले रेडियो भएका घर, पसलहरूमा प्रजातन्त्र रेडियो सुन्न मानिसहरूको भीड लाग्ने गथ्र्यो । प्रजातन्त्र रेडियो क्रान्तिका समयमा यति लोकप्रिय भयो कि काठमाडौंका पसलहरूमा सुन्नेहरूको ठूलो भीड लागेर एक दुईपटक पुलिसले लाठी चार्जसमेत गर्नु परेको थियो (कोइराला, २०६१, पृ. ६१) । प्रजातन्त्र नेपाल रेडियोबाट एक दिन प्रसारण भएको समाचार यस्तो थियो – आज हाम्रो मुक्ति सेनाले १४ दिनदेखि घेरामा राखेको शत्रुको गढलाई छिन्नभिन्न पारी सम्पूर्ण विराटनगरमा कब्जा जमाएको छ । अब मोरङको एक इन्च भूमि पनि शत्रुको हातमा छैन (कोइराला, २०६१, पृ. ६५) । त्यो सन्देशले क्रान्तिलाई

उर्जा प्रदान गरेको थियो भने राणा शासकहरूको मनोबल गिराउन अहम् भूमिका खेलेको थियो। त्यसै गरी २००७ सालको क्रान्तिका पक्षमा जनमत बनाउन भारतीय मिडियाको ठूलो योगदान थियो । त्यो बेला राजा ज्ञानेन्द्रको मिडियाले प्रत्यक्ष विरोध गरेका थिएनन् । किन भने क्रान्तिको लक्ष्य राणा शासनको अन्त्य गर्नुथियो । राजा त्रिभुवनलाई गद्दीमा पुनर्स्थापित गर्नुथियो ।

**चार दिनमा तीन राजा**

सम्बत् २०५८ जेठ १९ को दरबार हत्याकाण्डमा राजा वीरेन्द्र र उनको सिंगो परिवारको ज्यान गयो । संयोगले अधिराजकुमार ज्ञानेन्द्रको परिवार जोगियो । माघ १९ गते राति देखि नै सीएनएन, बीबीसी लगायत अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले उच्च श्रोतको हवाला दिँदै युवराज दीपेन्द्रले गोली चलाएको समाचार प्रवाह गरिरहे (पराजुली, २०५९, पृ. ५८) । आधिकारिक श्रोतको अभावमा नेपाली मिडियाले राजा रानीको हत्या हुने गरी भएको त्यो भयानक घटनाको समाचार दिन सकेनन् । घटना भएको भोलिपल्ट वैशाख २० गते नेपाल समाचारपत्र र स्पेसटाइम दैनिक मात्र दरबारमा गोली चलेको समाचार दिए तर त्यसको पुष्टि गर्न सकेनन् । राजा रानीको तस्वीर छापेर ‘राजदरबारमा गोली काण्ड, कैयौं हताहत, राजा रानी र युवराजको अवस्था आधिकारिक रूपमा अपुष्ट’ शीर्षकमा नेपाल समाचारपत्रले व्यानर न्यूज बनायो । समाचारमा भनिएको थियो :

> नारायणहिटी राजदरबारमा शुक्रवार भएको पारिवारिक भोजमा अकस्मात चलेको गोली राजा वीरेन्द्रलाई लाग्न पुगेको छ । उहाँको अवस्था बारे शनिवार बिहान ३ बजेसम्म आधिकारिक रूपमा स्पष्ट हुनसकेको छैन । घटनामा रानी ऐश्वर्य, युवराज दीपेन्द्र, अधिराजकुमार निराजन, अधिराजकुमारी श्रुती, अधिराजकुमारी शान्ति र कुमार गोरखशमशेर राणालाई पनि गोली लागेको छ । सबैलाई सैनिक अस्पताल पुऱ्याइएको छ । गोली लागेका मध्ये १५ जनाको मृत्यु भएको समाचारसूत्रहरूले उल्लेख गरे पनि समाचारको आधिकारिक पुष्टि भने हुनसकेको छैन । (नेपाल समाचारपत्र : २०५८ जेठ २०)

त्यसै गरी स्पेसटाइम दैनिकले प्रथम पृष्ठमा ‘नारायणहिटी राजदरबारमा गम्भीर दुर्घटना !’ शीर्षकमा व्यानर न्यूज बनायो । समाचारमा लेखिएको थियो :

> मध्यरात राजदरबारमा अनपेक्षित दुर्घटना हुन गएको समाचारले रात्रिजीवन सन्त्रासपूर्ण र चिन्ताग्रस्त रहे पनि घटनाको आधिकारिक पुष्टि हुन सकेको छैन । मध्यरातमा डढेलो झै फैलिएको यो समाचार अनुसार राजदरबारमा आयोजित रात्रिभोजमा राजा, रानी, युवराज सहित राजपरिवारका सबै जसो सदस्यहरूको उपस्थिति थियो । साढे १० बजेतिर बाटो हिड्ने मानिसहरूले विस्फोटक पदार्थ पड्किएको आवाज सुनेपछि दरबारभित्र गम्भीर दुर्घटना भएको अड्कल काटेका थिए । त्यसको केही समयभित्रै दरबारको चारै गेटबाट मोटरहरू ओहोरदोहोर गरेको प्रत्यक्षदर्शीले बताए । सनसनीपूर्ण घटनामा केहीको ज्यान समेत गएको अनुमान गरिएको छ । (स्पेसटाइम : २०५८ जेठ २०)

यी दुई पत्रिका बाहेक कुनै पनि नेपाली मिडियाले त्यो घटना बारे सूचना दिन सकेनन् । सरकारी स्वामित्वको रेडियो नेपाल र नेपाल टेलिभिजनले आफ्ना श्रोता र दर्शकलाई कुनै सूचना नदिएर एकहोरो शोक धुन मात्र प्रशारण गरेकाले झनै आशङ्का उत्पन्न भयो (वाग्ले, कान्तिपुर : २०५८ जेठ २९) । २०५८ जेठ २० गते दिउँसो १ बजे राजपरिषद् स्थायी समितिले राजाको मृत्यु भएकाले युवराज दीपेन्द्रलाई नयाँ राजा र अधिराजकुमार ज्ञानेन्द्रलाई राज्य सहायक बनाएको घोषणा गरेपछि १६ घण्टाको अन्तरालमा नेपाली सञ्चार माध्यमले राजा–रानीको मृत्युको समाचार दिन पाए (गोरखापत्र :

२०५८ जेठ २१) । त्यतिञ्जेल नेपाली समाजमा दरबार हत्याकाण्ड बारे अनेकौं हल्ला र अफहवा फैलिइसकेको थिए । दरबार हत्याकाण्डमा भयानक षड्यन्त्र रहेको र त्यसमा अधिराजकुमार ज्ञानेन्द्रको संलग्नता रहेको भनेर चलाइएका आधारहीन हल्लाले जनमत निर्माणमा भूमिका खेल्यो । मूलधारका व्यवशायिक मिडियाले समयमा सत्य, तथ्य र विश्वसनीय सूचना प्रवाह गर्न नसक्दा जनता बजार हल्ला र विदेशी मिडियामा आएका समाचारमा विश्वास गर्न बाध्य भए ।

हत्याकाण्डको तेस्रो दिन २०५८ जेठ २१ गते देशवासीका नाममा सन्देश जारी गर्दै राज्य सहायक ज्ञानेन्द्रले आकस्मिक रूपमा स्वचालित हतियार पड्किन गई राजा, रानी, युवराज सहित राजपरिवारका सदस्यहरू गम्भीर रूपमा घाइते भएको, उपचारका लागि तत्काल सबैलाई सैनिक अस्पतालमा लगिएको, अस्पतालमा राजा रानीसहित परिवारका ८ सदस्यको मृत्यु भएको, गम्भीर घाइते भएर सघन उपचारको अवस्थामा रहेका दीपेन्द्र राजाको हैसियतमा कार्यभार सञ्चालन गर्न असमर्थ भएकाले राज्य सहायकको अभिभारा आफ्नो काँधमा आएको जानकारी दिए (नेपाल राजपत्र : २०५८ जेठ २१) । दरबारका तर्फबाट जारी भएको त्यो पहिलो वक्तव्यलाई आम जनताले पत्याउन सकेनन् । स्वचालित हतियार पड्किएर राजा रानीसहित राजा वीरेन्द्रको वंशनाश भयो भन्ने वक्तव्यमा विश्वास गर्न सक्ने आधार नै थिएन ।

दरबारका तर्फबाट पहिलो पटक सार्वजनिक गरिएको त्यो सूचनाले नेपाली समाजमा झनै संसय पैदा गराई दियो । देशका प्रमुख शहरहरूमा हत्यारा माथि कारवाहीको माग गर्दै हजारौं मानिसहरू सडकमा ओर्लिए । जेठ २२ गते दीपेन्द्रको मृत्युको घोषणा भयो र राज्य सहायक ज्ञानेन्द्र दोस्रोपटक राजा बने । ज्ञानेन्द्रको राज्यारोहण भैरहँदा कर्फ्यू लगाएर काठमाडौंमा सुरक्षाकर्मीको वाक्लो तैनाथी गरियो । कडा सुरक्षा पहराकाबीच नयाँ राजालाई गद्दी आरोहणका लागि हनुमानढोका पुऱ्याइयो ।

बुलेट प्रुफ मर्सिडिज कारमा सवार भई नारायणहिटी राजदरबारबाट हनुमानढोका दरबार जाने क्रममा राजा ज्ञानेन्द्रले जनताको चर्को नाराबाजी र अवरोधको सामना गर्नु पऱ्यो । विरोधमा जनताले सडक अवरोध गरेकाले सुरक्षाकर्मीले निर्धारित समयभन्दा पैंतीस-चालिस मिनेट ढिलो मात्र राजाको सवारी चलाउन सके । राजालाई पाँच मिनेटको दूरीमा रहेको हनुमानढोका पुऱ्याउन हम्मेहम्मे पऱ्यो (राना. २०७६. पृ. ४३–४४) । हनुमानढोका दरबार परिसरमा वडागुरूज्यू केशरीराज पाण्डेबाट राजमुकुट पहिराएपछि घोडे बग्गीमा सवार भै नारायणहिटी दरबार फर्किने क्रममा जनताले राजा विरूद्ध चर्को नाराबाजी गर्दै अवरोध श्रृजना गरे (हाछेथु, २०६५, पृ. २)। पराजुली (२०५९) का अनुसार राज्यारोहणका बेला राजाको विरोधमा जुलुस निस्कनु नेपाली इतिहासकै लागि अन्त्यन्त अनौठो र असम्भव प्रायः घटना थियो (पृ. ६०) । ज्ञानेन्द्रको राज्यारोहण भएकै दिन शहरमा कर्फ्यू लगाएर दीपेन्द्रको शव यात्रा चलाइयो । उनको शव आर्यघाटतर्फ लैजाँदै गर्दा आक्रोसित भीडले ढुङ्गामुडा गरे । स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मीले गोली चलाउँदा चार जनाको मृत्यु भयो (राना, २०७६, पृ. ४५)। दीपेन्द्रप्रति श्रद्धाञ्जलि अर्पण गर्न राजपरिवारका कुनै सदस्य आर्यघाट पुगेनन् र परम्परा अनुसार खटमा राखेर शव यात्रा गरिएन । जेठ २३ गते 'कर्फ्यूका बीच श्री ५ दीपेन्द्रको अन्त्येष्टि' शीर्षकमा राजधानी दैनिकले समाचार लेख्यो भने कान्तिपुरले 'श्री ५ दीपेन्द्रको स्वर्गारोहण, असामान्य अन्त्येष्टि' शीर्षकमा । नेपाली इतिहासमा चार दिनको अन्तरालमा तीन राजा बने (कान्तिपुर : २०५८ जेठ २३)। राजधानी दैनिकमा समाचार छापियो – राज्यारोहण गर्न, राजमुकुट पहिरिन नपाउँदै दीपेन्द्रको मृत्यु भयो । मात्र ४० घण्टाका लागि राजा बनेका उनी नेपाली इतिहासमै सबभन्दा छोटो अवधि राजा भए (राजधानी : २०५८ जेठ २३) । राजा वीरेन्द्रको हत्यालाई आम नेपालीले राजतन्त्र समाप्त भएको अर्थमा बुझेका थिए । दीपेन्द्रको मृत्युपछि राजतन्त्रका दिन गए भन्ने सन्देश प्रवाह हुनपुग्यो ।

ज्ञानेन्द्र राजा बनेको दोस्रो दिन जेठ २३ गते पनि देशभर विरोध प्रदर्शन भयो । काठमाडौंमा कर्फ्यू लगाउँदा पनि नाराबाजी नरोकिएपछि केही स्थानमा प्रहरीले गोली समेत चलाउनु परेको थियो ((राजधानी : २०५८ जेठ २४)। सिंखडा

(२०६९) का अनुसार – राजा वीरेन्द्रको हत्यापछि राजतन्त्रप्रतिको नेपाली मन र विश्वास नराम्ररी धर्मराउन पुग्यो । राजालाई भगवानको अवतार मानेर पूजा गर्ने नेपाली समाजमा राजतन्त्र समाप्त भएको सन्देश प्रवाह भएर गणतन्त्रका लागि अनुकुल वातावरण बन्दै गयो (पृ.१४६) । नेपाली राजतन्त्रप्रतिको आस्था र विश्वास त्यो तहमा कहिल्यै कमजोर भएको थिएन । सरकार, संसद, सुरक्षा निकायले साथ दिएका कारण ज्ञानेन्द्रको गद्दी आरोहणले वैधानिकता पाए पनि आम नेपाली जनताको मनमा वीरेन्द्रको हत्यासँगै नेपालबाट राजतन्त्र समाप्त भयो भन्ने परिसकेको थियो ।

**दोस्रो कार्यकाल : मिडिया र राजाको छवि**

पञ्चायत कालदेखि नै राजा वीरेन्द्रका सकारात्मक र ज्ञानेन्द्रका नकारात्मक पक्षलाई नेपाली प्रेसले प्राथमिकता दिँदैआएको थियो । त्यसैले दरबारभित्र कट्टरपन्थी धारको नेतृत्व गर्ने पात्रका रूपमा नेपाली समाजमा ज्ञानेन्द्रको छवि बनेको थियो । राजा वीरेन्द्रको हत्या भएपछिका दिन विद्रोही नेकपा माओवादीले गणतन्त्रका पक्षमा प्रचार अभियान चलाउँदै दरबार हत्याकाण्डमा षड्यन्त्र रहेको र त्यसमा नयाँ संलग्नता रहेको भ्रम फैलायो । माओवादीको त्यही प्रोपोगाण्डाका आधारमा कतिपय मिडियाले समाचार र विचार प्रवाह गरे ।

खनाल (२०८०) लेख्छन् –जनता माझ राजा र उनका छोरा युवराज पारसको छवि राम्रो थिएन । पारसको त झन राति अबेरसम्म रेस्टुराँ, डान्सबार र क्यासिनोमा रम्ने, बाहिर निस्किएपछि ट्राफिक नियमको बेवास्ता गर्दै सवारी चलाउने, गुन्डागर्दी गर्ने उद्दण्ड पात्रका रूपमा चिनिएका थिए । उनले चलाएको गाडीको ठक्करबाट गायक प्रवीण गुरूङको ज्यान गएको थियो र दरबारको आडमा पारसले त्यो अपराधबाट उन्मुक्ति पाएका थिए (पृ. ५१२) । माओवादीले चलाएको प्रचार अभियानलाई यी घटनाक्रमले बल पुगिरहेको थियो (श्रीषशमशेर राणा, अन्तर्वार्ता : असोज ७, २०७९) । विद्रोही नेकपा माओवादीले राजा वीरेन्द्रका सकारात्मक पक्ष र नयाँ राजा ज्ञानेन्द्र र युवराज पारसका नकारात्मक पक्षको प्रचार प्रचार गर्दै राजतन्त्र विरोधी जनमत निर्माण गर्ने अभियान चलायो ।

दरबार हत्याकाण्डपछि राजतन्त्र समाप्त भयो भनेर हल्ला चलाइएको, नयाँ राजा माथि षड्यन्त्रमार्फत् गद्दी हत्याएको भन्ने अरोप लगाइएको थियो । २०४६ सालको परिवर्तन र नागरिक स्वतन्त्रतामाथि कुनै प्रकारको सम्झौता गर्न नचाहने जनताको बाहुल्यता रहेको अवस्थामा, नयाँ राजाले राजसंस्थाको गुमेको साख पुनर्स्थापित गर्नुको साटो शक्ति हत्याउने बाटो समाए ।

संवैधानिक सीमाभित्र बस्न र जनताको अधिकार खोसेर दरबारलाई बलियो बनाउने तर्फ नसोच्न पत्रपत्रिकाले दिएको सन्देश राजालाई रूचिकर भएन । जनचाहनाको सम्मान गर्दै राजसंस्थालाई लोकप्रिय बनाउनेतर्फ उनले ध्यान दिएनन् । बरू दरबारको बजेट बढाउने र राजा वीरेन्द्र र उनको परिवारका सदस्यको सम्पत्ति हत्याउनेतिर लागे (दुर्गेशमान सिंह, अन्तर्वार्ता : असार २४, २०७७) । समयको माग र जनचाहना विपरीत निरङ्कुशताको बाटो रोज्नु नै राजाको सबैभन्दा ठूलो भूल थियो (नीलाम्बर आचार्य, अन्तर्वार्ता : कात्तिक २३, २०७५) । माओवादी विद्रोहको त्रास देखाएर सत्ता हातमा लिएर उनी प्रजातान्त्रिक दलको साथ गुमाउन पुगे भने माओवादी समस्याको हल गर्न पनि असफल भए । इतिहास जित्नेहरूको मात्र लेखिने भएकाले असफल हुनु नै राजाको सबैभन्दा ठूलो गल्ती भयो (श्रीष शमशेर राणा, अन्तर्वार्ता : असोज ७, २०७९) । राजसंस्थाको प्रतिनिधित्व गर्ने व्यक्ति उच्च आचरणयुक्त हुनुपर्छ भन्ने सुझाव दिँदै पत्रिकाले सम्पादकीय लेखे पनि दरबारले त्यसलाई सकारात्मक रूपमा लिएन ।

पत्रपत्रिकाले सम्पादकीयमार्फत् राजतन्त्रको विरोध गरेका थिएनन्, दरबारलाई सचेत मात्र गराएका थिए । दरबारले भने त्यसलाई पत्रपत्रिकाले असहयोग गरेको अर्थमा बुझ्यो (नारायण वाग्ले, अन्तर्वार्ता : असोज १, २०७९) ।

आलोचना गरेर मूलधारका पत्रपत्रिकाले राजालाई संवैधानिक राजतन्त्रको स्थायित्वका लागि काम गर्न सन्देश दिएका थिए । दरबारले त्यस सन्देशलाई सकारात्मक रूपमा लिएन । त्यस बेला जनतामा नयाँ राजाको राम्रो छवि थिएन । त्यसैले राजाको विरोधमा लेख्ने पत्रपत्रिका लोकप्रिय भए । राजतन्त्रको समर्थन गर्ने पत्रपत्रिकाले साख र बजार दुवै गुमाए । शाही कदमको विरोध गर्ने पत्रपत्रिकामाथि जनताले विश्वास गरे । त्यसैले ती मिडियाले जनमत बनाउन भूमिका खेले र तिनीहरू स्थापित पनि भए (देवप्रकाश त्रिपाठी, अन्तर्वार्ता : भदौ ८, २०७९) । पत्रपत्रिकाको सुझाव मानेर राजा संवैधानिक सीमामा बसेको भए यति छिट्टै राजसंस्थाको अन्त्य हुने थिएन (सुवासचन्द्र नेम्वाङ, अन्तर्वार्ता : भदौ १७, २०७९) । नेपाल (२०७८) का अनुसार दलहरूले संवैधानिक राजतन्त्र स्वीकार गरेका थिए । संविधानको सीमामा बस्न दलहरूले गरेको आग्रह नमानेपछि राजतन्त्रलाई बिदा गर्ने तहमा पुगे (अनलाइन खबर : असोज ३) । नयाँ राजालाई संवैधानिक राजतन्त्रको सीमाभित्र बस्न र दरबार हत्याकाण्डपछि गुमेको जनविश्वास आर्जन गर्ने गरी काम राजनीतिक दल, मिडिया र आम जनताले दिएको सुझाव स्वीकार्य भएन । नेपालमा गणतन्त्रको पक्षमा बलियो जनमत निर्माण हुदै गयो र संवैधानिक राजतन्त्रमा विश्वास गर्ने दलहरू समेत राजाको व्यवहारका कारण टाढिँदै गए ।

**जनआन्दोलन र गणतन्त्र**

राजाका रूपमा दोस्रोपटक गद्दीको उत्तराधिकारी भएपछि ज्ञानेन्द्रले दाजु वीरेन्द्रले जस्तै संवैधानिक राजा भएर बस्ने बाचा गरेका थिए । जनताको व्यापक विरोध र असन्तुष्टिकाबीच सरकार, संसद, सेना लगायत राज्य संयन्त्र र विदेशी मित्र राष्ट्रहरूको समर्थनले राजाका रूपमा स्थापित हुन उनलाई सहज भएको थियो । नयाँ राजाले जनभावनाको कदर गर्दै दरबार हत्याकाण्डमा गुमेको राजतन्त्रको शाख पुनर्स्थापित गर्नुपर्ने बेला दलहरूको आन्तरिक मामिलामा खेल्ने, संसदवादीलाई माओवादी र माओवादीलाई संसदवादीको त्रास देखाएर दरबारमा शक्ति केन्द्रित गर्ने रणनीति बनाए । २०५९ जेठ ८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवामार्फत् संसद भङ्ग गराए र २०५९ असोज १८ मा चुनाव गराउन असक्षम रहेको आरोपमा जननिर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गरे । २०६१ माघ १९ मा मुलुकको शासन सत्ता हत्याएर आफैलाई मुलुकको कार्यकारी प्रधानमन्त्री घोषणा गरे । यी घटनाले राजतन्त्रको विरोधमा जनमत निर्माण गर्न बल पुग्यो । राजाका यस्ता व्यवहारले सात संसदवादी दल र विद्रोही नेकपा माओवादीबीच मिलनको आधार तय गरिदियो । यी दुई पक्षबीच भएको १२ बुदे सहमतिको बलमा शुरू भएको २०६२–०६३ को जनआन्दोलनले प्रतिनिधिसभा पुनर्स्थापना गर्न राजालाई बाध्य बनाई दियो । पुनर्स्थापित प्रतिनिधिसभाको घोषणाबाट राजाका अधिकार कटौती गर्दै संविधानसभा निर्वाचन हुदै गणतन्त्रसम्म पुग्ने मार्गचित्र दलहरूले बनाए (वाग्ले, कान्तिपुर : २०६५ जेठ ३१) । २०६४ चैत्र २८ गते सम्पन्न संविधानसभा निर्वाचनपछि राजतन्त्रका दिन गन्ति शुरू भए (संविधानसभा दर्पण (२०६५–२०६९), २०७०, पृ. १) । सधै राजाहरूले जनताको भाग्य निर्धारण गर्दै आएका थिए । संविधानसभा बनेपछि भने पहिलो पटक जनप्रतिनिधिहरू राजतन्त्रको भविष्य निर्धारण गर्ने जिम्मेवारीमा थिए । २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले अपार बहुमतका साथ गणतन्त्र कार्यान्वयन सम्वन्धी प्रस्ताव पारित गर्दै शान्तिपूर्ण रूपमा राजतन्त्रको अन्त्य गरिदियो (संविधानसभा दर्पण (२०६५–२०६९), २०७०, पृ. ९–१०) । सभाले नारायणहिटी राजदरबारमा रहेका राजा र निजसँग सम्बन्धित नीजि सचिवालय संरचना १५ दिन भित्र हटाउन र दरबार परिसरको नियन्त्रण एवम् सो परिसरमा रहेका सम्पूर्ण राष्ट्रिय सम्पत्तिको सुरक्षाका लागि तत्काल व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दियो (नेपाल राजपत्र, २०६५ जेठ १५)। गणतन्त्र घोषणासँगै विष्णुको अवतार मानेर संविधान र कानूनभन्दा माथि राखिएका राजा नागरिकमा रूपान्तर भए (कृष्णप्रसाद सिटौला, अन्तर्वार्ता : साउन १९, २०७७)। यसरी जनभावना विपरीत राजा ज्ञानेन्द्र दरबारलाई बलियो बनाउने बाटोमा अग्रसर हुनखोज्दा नेपालबाट राजतन्त्र सदाका लागि विदा हुनपुग्यो ।

**शाहवंशको अन्त्य र नेपाली प्रेस**

नेपालको राजकीय सत्तामा २३८ वर्षदेखि चल्दै आएको शाहवंशीय राजतन्त्रको शान्तिपूर्ण रूपमा अन्त्य गरी मुलुकलाई गणतन्त्रमा रूपान्तरण गर्ने संविधानसभाको ऐतिहासिक निर्णयलाई नेपाली प्रेसले समर्थन गऱ्यो । जनभावनाको कदर गर्नु प्रेसको दायित्व नै थियो (सुभाषचन्द्र नेम्वाङ, अन्तर्वार्ता : २०७९ भदौ १७)। सरकार नियन्त्रित गोरखापत्र दैनिकले २०६५ जेठ १६ गते 'अव नेपाल गणतन्त्र' शीर्षकमा व्यानर न्यूज बनायो भने कान्तिपुर दैनिकले प्रथम पृष्ठमा 'गणतन्त्र नेपाल' शीर्षकमा र अन्नपूर्ण पोष्टले 'गणतन्त्र जिन्दावाद' शीर्षकमा स्काई हेडलाईन बनायो । अन्नपूर्ण पोष्टको सम्पादकीयमा भनिएको थियो –अधिकारको लडाइमा जनता हारेको इतिहास छैन । जनताको शक्ति र भावना विपरीत कुनै शक्ति टिक्नसक्दैन भन्ने यथार्थलाई पहिलो पटक नेपालले यथार्थमा परिणत गरिदिएको छ । जनताको चाहना र भावनाको सम्मान गर्न तयार नभएकै कारण नेपाली राजतन्त्र इतिहासको कथामा सीमित हुनपुग्यो । लामो सङ्घर्षपछि जनता सार्वभौम एवम् राजकीय सत्ताका मालिक बने । राजतन्त्रले गरेको अति नै, उसका लागि खति भयो र नेपालीका लागि जाती भयो (अन्नपूर्ण पोष्ट : २०६५ जेठ १६) । त्यो दिन सबै जसो पत्रिकाले राजतन्त्रको अन्त्य गर्ने संविधानसभाको निर्णयलाई समर्थन गर्दै समाचार, विचार, सम्पादकीय र पाठक पत्र प्रकाशित गरे ।

त्यसैगरी कान्तिपुरको सम्पादकीयमा भनिएको थियो –जनताका अधिकार खोसेर वारम्वार देशलाई निरङ्कुश बाटोमा लैजाने शाहवंशीय राजाहरूकै प्रयासले नेपालमा 'गणतन्त्र' आएको हो । दरबार हत्याकाण्ड र नयाँ राजा ज्ञानेन्द्रको महत्वाकांक्षी प्रतिगमनले संवैधानिक राजतन्त्र प्रति आस्था राख्ने राजनीतिक दलहरूलाई समेत गणतन्त्रको कित्तामा पुऱ्याइदियो । त्यसैको परिणाम हो २३८ वर्ष लामो राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना (कान्तिपुर : २०६५ जेठ १६) । २००७ साल यता प्रजातान्त्रिक व्यवस्थालाई मलजल गर्नुको साटो जनताका अधिकार खोसेर र लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउन राजाहरूले गरेको पटकपटकको हस्तक्षेपले मुलुकलाई गणतन्त्रको विन्दुमा पुऱ्याउन योगदान गरेको हो निष्कर्ष कान्तिपुरको सम्पादकीयमा थियो ।

हिमालय टाइम्स दैनिकले २०६५ जेठ १६ गते प्रथम पृष्ठमा 'राजतन्त्र समाप्त, गणतन्त्रमा प्रवेश' शीर्षकमा व्यानर न्यूज छाप्यो भने पहिलो पृष्ठमै 'नयाँ युगमा मुलुक' शीर्षकमा सम्पादकीय प्रकाशन गरी भनेको थियो –संविधानसभा मार्फत् नेपाली जनताले शासन व्यवस्थामा राजसंस्थाको अधिकार विधिवत् रूपमा अन्त्य गर्दै जनशक्तिका सामु कुनै प्रकारको तानाशाही टिक्दैन भन्ने तथ्यलाई नेपालको सन्दर्भमा प्रमाणित गरिदिए । २०६५ जेठ १५ गते संविधानसभाको बैठक शुरू हुनु अघि राजाका रूपमा रहेका ज्ञानेन्द्र शाहले साधारण नेपाली नागरिकका रूपमा जीवनयापन गर्ने मौका पाएका छन् (हिमालय टाइम्स : २०६५ जेठ १६) । जनअधिकार खोसेर राजतन्त्र बलियो बनाउन पटकपटकको प्रजातन्त्रमाथि हमला गरे पनि अन्ततः जनताको शक्ति सामु राजतन्त्रको केही लागेन । जनता सार्वभौम एवम् राजकीय सत्ताका मालिक बने । यसरी जनताका अधिकार खोसेर दरबार बलियो बनाउने राजा ज्ञानेन्द्रको महत्वाकांक्षाले नेपालबाट राजतन्त्रको पतन हुनपुग्यो ।

राजाबाट नागरिकमा रूपान्तरण भएपछि नारायणहिटी दरबारभित्र आफ्नो पहिलो र अन्तिम पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै २०६५ जेठ २९ गते श्रीपेच र राजदण्ड नेपाल सरकारलाई हस्तान्तरण गरी शाहवंशका अन्तिम राजा ज्ञानेन्द्र नारायणहिटी दरबारमा विदा भए (भण्डारी, २०७९, पृ. २३६) । २०६५ जेठ ३० गते गोरखापत्र दैनिकले पहिलो पृष्ठमा 'पूर्वराजाको शान्तिपूर्ण बर्हिगमन' शीर्षकमा मुख्य समाचार प्रकाशित गऱ्यो भने हिमालय टाइम्स दैनिकले प्रथम पृष्ठमा 'पूर्वराजाबाट नारायणहिटी त्याग' शीर्षकको व्यानर न्यूज बनायो भने 'स्वदेशमै बसेर शान्ति स्थापनामा योगदान गर्न इच्छुक' भन्ने सब हेडलाईन बनायो । त्यसै गरी जेठ ३० गते राजधानी दैनिकले प्रथम पृष्ठमा 'ज्ञानेन्द्रको नागरिक यात्रा'

शीर्षकमा व्यानर न्यूज र 'ज्ञानेन्द्रको नागरिक यात्रा' शीर्षकमा सम्पादकीय प्रकाशित गऱ्यो । नेपाली पत्रपत्रिकाले राजतन्त्रको शान्तिपूर्ण बहिर्गमनलाई जनमतको सम्मान भएको अर्थमा सन्देश प्रवाह गरे । विश्वका कतिपय मुलुकहरूमा राजतन्त्रको अन्त्य हुँदा राजा वा राजपरिवारको हत्या भएका वा उनीहरू निर्वासित भएका प्रशस्त उदाहरण छन् (शर्मा, २०६६, पृ. १९) । शान्तिपूर्ण रूपमा गणतन्त्र कार्यान्वयन हुन दिएर शाहवंशका अन्तिम राजा ज्ञानेन्द्र र उनको परिवार सामान्य नागरिकको हैसियतमा स्वदेशमै रहने वातावरण बन्नु पनि नेपालको नित्तान्त मौलिकपन हो ।

**निष्कर्ष**

दुईपटक राजा भएर सामान्य नागरिक भूमिका निर्वाह गर्ने अवसर पाएका ज्ञानेन्द्र शाहलाई नेपाली मिडियाले सधै उच्च प्राथमिताका साथ स्थान दिएको छ । २००७ सालको क्रान्ति प्रारम्भ हुनुअघि राजा त्रिभुवन भारतको शरणमा गएका बेला उनलाई राणाहरूले राजा बनाए । त्यो बेला नेपाली जनताले उनको गद्दि आरोहणलाई नेपाली जनताले नरूचाएको खबर भारतीय पत्रपत्रिकामा छापियो । नेपालमा भने सरकारी स्वामित्वको एउटा गोरखापत्र पत्रिका साप्ताहिक रूपमा प्रकाशन हुने गरेको थियो । गोरखापत्रले भने राणा सरकारको निर्णय बारे जानकारी गराउदै नयाँ राजाका रूपमा ज्ञानेन्द्रलाई स्थापित गर्ने गरी समाचार दिएको थियो । २००७ सालको क्रान्तिले १०४ वर्षे राणा शासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गरेपछि उनको पहिलो कार्यकाल समाप्त भयो ।

त्यसको ५१ वर्षपछि २०५८ जेठ १९ गतेको दरबार हत्याकाण्डमा दाजु वीरेन्द्र र भतिजा दीपेन्द्रको निधन भएपछि संगोगले ज्ञानेन्द्र दोस्रोपटक राजा बने । पहिलो कार्यकालमा नाबालक भएकाले राजाका रूपमा उनको कुनै भूमिका थिएन । दोस्रोपटक उनी राजा बन्दा दरबार हत्याकाण्डमा षड्यन्त्र छ भनेर चलाइएका कारण नेपाली इतिहासमै राजतन्त्र कमजोर भएको अवस्था थियो । स्वदेशी र विदेशी सञ्चार माध्यमले दरबार हत्याकाण्डमा युवराज दीपेन्द्रलाई दोषी औल्याए पनि आम जनताले मिडियाको समाचारमा विश्वास गर्न सकेनन् । मूलधारका नेपाली मिडियाले ज्ञानेन्द्रको गद्दी आरोहण संवैधानिक राजतन्त्रको निरन्तरताका हो भन्ने कोषबाट समाचार र विचार प्रवाह गरे । शुरूका दिनमा ज्ञानेन्द्रले दाजु वीरेन्द्रले जस्तै संवैधानिक राजा भएर बस्ने अभिव्यक्ति दिएका थिए । तर जब उनले संविधान मिचेर दरबारलाई बलियो बनाउने नीति लिए, २०४६ सालको जनआन्दोलनपछिको खुल्ला वातावरणमा हुर्किएको नेपाली प्रेसले निरङ्कुश बाटोमा अघि बढ्ने राजाको कदमको समर्थन गरेन । राजाले २०५८ असोज १८ मा जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउबालाई बर्खास्त गरी आफूखुसी सरकार बनाउने र गिराउने अभ्यास चलाए । अनि २०६१ माघ १९ मा मुलुकको कार्यकारी अधिकार हातमा लिएर मिडियामा सैन्य सेन्सरसीप लगाए ।

त्यसपछिका दिनमा नेपाली मिडियाले राजालाई संवैधानिक सीमा नमिच्न, जनताका अधिकार खोस्नेतर्फ नलाग्न र राजतन्त्रको शाख बढाउने भूमिका निर्वाह निरन्तर सुझाव दिइरह्यो । राजाले नेपाली मिडियाको सुझावलाई सकारात्मक रूपमा लिएर आफ्ना कमीकमजोरी सच्याउन चाहेनन् । उनको अपरिपक्वता, निरङ्कुश शासन चलाउने चरम महत्त्वाकाङ्क्षाका कारण नेपालबाट राजतन्त्र सदाका लागि विदा हुन पुग्यो । राजउत्तराधिकारीका रूपमा नजन्मिएर पनि दुईपटक राजा बन्ने अवसर पाएका उनले राजतन्त्र जोगाउन सकेनन् र २३८ वर्ष लामो शाहवंशको इतिहास अन्त्य भएर उनकै पालामा मुलुक गणतन्त्रमा प्रवेश गऱ्यो ।

## सन्दर्भ समाग्रीसूची


कोइराला, तारिणीप्रसाद. (२०६१). रेडियो नेपालको जन्म. (सं) पन्त, प्रत्यूष, पराजुली, शेखर र हुमागाईं, देवराज. मार्टिन चौतारी।

खनाल, कृष्ण. (२०८०). विश्वेश्वरप्रसाद कोइराला. काठमाडौं : ओरिएन्टल पब्लिकेसन।

गौतम, राजेश. (२०५५). नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काँग्रेस–भाग १. श्रीराम श्रेष्ठ, कृष्णमुरारी अधिकारी।

नेम्वाङ, सुवास (२०७९ भदौ १७), संविधानसभा अध्यक्ष नेम्वाङसँग गरिएको अन्तर्वार्ता।

जोशी, रामहरि. (२०४८). नेपालको नोभेम्वर क्रान्ति. काठमाण्डौं : अन्तराष्ट्रिय मञ्च।

नेपाल, माधवकुमार. (२०७८, असोज ३). 'संविधानको सीमामा नबस्दा पहिले राजतन्त्रलाई बिदा गऱ्यौं, अहिले ओली र एमालेलाई'. अनलाइनखबर. https://www.onlinekhabar.com/

नेपाल राजपत्र (खण्ड ५८, अतिरिक्ताङक ५, ख). (२०६५, जेठ १५ गते). नेपाल सरकार

पराजुली, रमा. (२०५९). नारायणहिटी हत्याकाण्ड : ब्रोडशिटको कभरेज. प्रत्युष पन्त, रमेश पराजुली र रमा पराजुली (स.), मिडियाको अन्तर्वस्तु : विविध विश्लेषण (पृ.४९–६९). काठमाडौं : मार्टिन चौतारी.

http://www.martinchautari.org.np/storage/files/rama-parajuli.pdf

पाँडे, भीमवहादुर. (२०४५). त्यो बखतको नेपाल–भाग ४. भीमवहादुर पाँडे।

प्रधान, भूवनलाल. (२०७१).नेपालको जनक्रान्ति २००७. हिमाल किताब।

भण्डारी, रामकृष्ण. (२०७९, कात्तिक). सत्ता सङ्घर्ष. साग्रिला बुक्स।

राना, सुन्दरप्रताप. (२०७६). दरबारको दुखान्त. किताब पब्लिसर्स प्रा.लि.।

वाग्ले, नारायण. (२०५८, जेठ २९). दरबार हत्याकाण्डको जानकारी प्रधानमन्त्रीलाई दुई घण्टापछि मात्र. कान्तिपुर दैनिक।

वाग्ले, नारायण. (२०६५, जेठ ३१). उनी चुके, सरकार पनि चुक्यो. कान्तिपुर दैनिक. https://ekantipur.com

विष्ट, महेन्द्र. (२०७४). नेपालमा प्रेस स्वतन्त्रता. सीएमआर–नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रा.लि. ।

शर्मा, सुधीन्द्र. (२०६६). राजतन्त्र. अबको नेपाल ज्ञानको नेपाल (पृ.१७–१९). सोसल साइन्स बहाः । aba-ko-nepal-gyan-ko-nepal.pdf.

संविधानसभा दर्पण (२०६५–२०६९). (२०७०). व्यवस्थापिका संसद सचिवालय

सिंखडा, ध्रुव. (२०६९, चैत्र–बैशाख). यसरी आयो नेपालमा गणतन्त्र. लक्ष्मीविलास कोइराला, भरतबहादुर ढुंगाना, श्याम चालिसे र रमेश श्रेष्ठ (स.), गणतन्त्र विशेषाङ्क, २०६९ (अं. ५, पृ.१४४–१४७). नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग।

सिटौला, कृष्णप्रसाद. (२०७७, साउन १९). पूर्व गृहमन्त्री सिटौलासँग गरिएको अन्तवार्तार्ता।

हाछेथु, कृष्ण. (२०६५). नेपाल : सङ्क्रमणकाल र लोकतन्त्र. स्टकहोम : इन्टरनेसनल आइडिया (प्रजातन्त्र र निर्वाचन सहयोग संस्था)।

Bollinger, L. C. (1993). Why There Should Be an Independent Decennial Commission on the Press. *U. Chi. Legal. F.*, 1.

Joshi, B. L., & Rose, L. E. (2061). Democratic innovations in Nepal: A case study of political acculturation. University of California Press.

**पत्रपत्रिका**

अन्नपूर्ण पोष्ट २०६५ जेठ १६,

कान्तिपुर दैनिक, २०५८ जेठ २३, २०६५ जेठ १६

गोरखापत्र दैनिक, २०५८ जेठ २१, २०६५ जेठ १६, २०६५ जेठ ३०

नेपाल समाचारपत्र, २०५८ जेठ २०, २०५८ जेठ २१

राजधानी दैनिक, २०५८ जेठ २३, २०५८ जेठ २४, २०६५ जेठ ३०

स्पेशटाइम दैनिक, २०५८ जेठ २०)

हिमालय टाइम्स दैनिक, २०६५ जेठ १६, २०६५ जेठ ३०

**अन्तर्वार्ता**

आचार्य, नीलाम्बर. (२०७५, कात्तिक २३). आचार्य अन्तरिम सरकार (२०४७) का कानुनमन्त्री हुन्।

त्रिपाठी, देवप्रकाश. (२०७९, भदौ ८). त्रिपाठी घटना र विचार साप्ताहिकका सम्पादक हुन्।

नेम्वाङ, सुवासचन्द्र. (२०७९, भदौ १७). नेम्वाङ पूर्वसभामुख हुन्।

राणा, श्रीष शमशेर. (२०७९, असोज ७). राणा पूर्वसूचना तथा सञ्चार राज्यमन्त्री हुन्।

वाग्ले, नारायण. (२०७९, असोज १). वाग्ले कान्तिपुर दैनिकका पूर्वसम्पादक हुन्।

सिंह, दुर्गेशमान. (२०७७, असार २४). सिंह भारतका लागि पूर्वनेपाली राजदूत हुन्।